आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १५ जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. नेपालमा केपी शर्मा ओलीले चौथो पटक प्रधानमन्त्री बन्नुभएकोमा प्रधानमन्त्री नरेन्द्र मोदीले ओलीलाई बधाई दिनुभएको छ।
२. पश्चिम बङ्गाल कृषि टास्क फोर्सका सदस्यहरूले कोलाकोताको बिभिन्न स्थानमा मूल्यनिरीक्षण गरेका छन।
३. टिस्टा बचाऊ आन्दोलन समितिका पाँच सदस्यीय प्रतिनिधि टोलीले टिस्टा आपदाका विविध समस्या अनि यसका समाधानका प्रस्तावहरू लिएर दार्जीलिङका सांसद राजु विष्टसित भेटघाट गरेका छन।
४. खरसाङमा लाग्ने गोर्खे हाट चालिसौं हप्तामा प्रवेस गरेको छ।
५. आगामी २४ घण्टासम्म राजधानी कोलकातासहित सम्पूर्ण राज्यमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

**प्रधानमन्त्री- बधाई**

प्रधानमन्त्री नरेन्द्र मोदीले केपी शर्मा ओलीलाई नेपालको प्रधानमन्त्री बन्नुभएकोमा बधाई दिनुभएको छ। प्रधानमन्त्री मोदीले एक सामाजिक पोस्टमार्फत नेपालको प्रधानमन्त्रीको कार्यकालका निम्ति ओलीलाई बधाई दिनुभएको छ भने दुई देशबीच मित्रताको गहिरो सम्बन्धलाई अझ बलियो बनाउन र जनताको प्रगति र समृद्धिको निम्ति पारस्परिक रूपमा लाभकारी सहयोगलाई अझ विस्तारित गर्नका लागि मिलेर काम गर्न तत्पर रहेको बताउनुभयो।

****** ० ******

**जयशंकर नेपाल-विदेश मंत्री**

विदेशमन्त्री डा. सुब्रमण्यम जयशङ्करले आरजु राणा देउवालाई नेपालको विदेशमन्त्रीमा निर्वाचित भएकोमा बधाई दिनुभएको छ । जयशंकरले नेपालसँगको बहुआयामिक साझेदारीलाई अझ प्रगाढ बनाउन आफू नेपालसँग मिलेर काम गर्न आतुर रहेको बताउनु भएको छ ।

****** ० ******

**विदेश सचिव**

भारतीय विदेश सेवाका अधिकारी विक्रम मिश्रीले आज विदेश सचिवको कार्यभार सम्हाल्नुभएको छ । उहाले विनय मोहन क्वात्राको स्थान लिनुहुनेछए उनको कार्यकाल हिजो समाप्त भएको थियो। मिश्री सन् १९८९ ब्याचका अधिकारी हुन भने राष्ट्रिय सुरक्षा परिषद् सचिवालयमा उपराष्ट्रिय सुरक्षा सल्लाहकारका रुपमा कार्यरत हुनुहुन्त्यो ।

****** ० ******

**लद्दाख-कारगिल युद्ध स्मारक**

संसदीय मामिला तथा अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले कारगिल विजय दिवसको अवसरमा लद्दाखको द्रासस्थित कारगिल युद्ध स्मारकमा अपरेसन विजयका बहादुर सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ भने १९९९ को

कारगिल युद्धमा भारतीय सैनिकले गरेको बलिदानको स्मरण गर्नुभयो। यस अवसरमा रिजिजूले सेनाका जवानहरूसँग अन्तरक्रिया गर्नुको साथै उनीहरूको समर्पण र सेवाको लागि कृतज्ञता व्यक्त गर्नुभयो।

**बांग्ला - तीस्ता परियोजना**

बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले भारतले टिस्टा परियोजना लागू गरोस् भन्ने चाहेको बताउनु भएको छ। आफ्नो हालैको चीन भ्रमणबारे ढाकामा आयोजित पत्रकार सम्मेलनमा सोधिएको प्रश्नको जवाफ दिँदै उहाले यस्तो बताउनु भएको हो भने चीनले टिस्टा परियोजनाका लागि केही प्रस्ताव दिएको र सम्भाव्यता अध्ययन गरेको बताउनु भयो अर्कोतिर 'भारतले यसबारेमा दिएको प्रस्तावलाई गम्भीरतापुर्वक अध्ययन गर्ने तथा यसका लागि प्राथमिकता दिइने उहाँले बताउनु भयो भने भारत टिस्टाको पानीसँग जोडिएकोले यो परियोजना कार्यान्वयन गर्नुपर्ने बताउदै भारत अघि बढेमा बंगलादेशले आवश्यक सबै सुविधा उपलब्ध गराउने विश्वास दिलाउनु भयो।

भारत र बङ्गलादेशबीच ५४ वटा साझा नदीहरू छन्। दुवै देशले बाढी प्रबंधन, पूर्वसूचना र खानेपानी परियोजनामा सहकार्य गरिरहेका छन्। बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाको हालैको भारत भ्रमणका क्रममा दुई देशबीच बङ्गलादेशको टिस्टा नदीको संरक्षण र व्यवस्थापनबारे छलफल गर्ने सहमति भएको थियो।

****** ० ******

कृषि-टास्कफोर्स

पश्चिम बङ्गाल कृषि टास्क फोर्सका सदस्यहरूले कोलाकोताको न्यू मार्केट र जादुबाबु बजारमा मूल्यनिरीक्षण गरेका छन। यहाँ उनीहरुले विक्रेताहरूबाट वस्तुहरूको मूल्यको बारेमा सोधपुछ गरे भने अनुचित मूल्य वृद्धिको विरुद्ध चेतावनी समेत् दिएका छन। पछिल्लो केही दिनमा टास्क फोर्सले शहरका विभिन्न बजारहरू जस्तै मानिकतलाए भीआईपी बजारए कलेज स्ट्रिट मार्केटए गरियाहाट र लेक मार्केटका साथै हुगलीको आसनसोल बजार र चुन्चुरा खरुआ बजार जस्ता अन्य शहरहरूमा निरीक्षण गरेको छन।यसैबीच मुख्यमन्त्री ममता बेनर्जीले राज्य टास्क फोर्सलाई आवश्यक वस्तुहरूको मूल्य स्थिर गर्ने उद्देश्यले अभियान चलाउन निर्देशन दिनुभएको थियो त्यसपछिए यी निरीक्षणहरू सुरु गरिएको थियो। गत हप्ता राज्य सचिवालयमा यस विषयमा एक बैठकको अध्यक्षता गर्दै बनर्जीले सम्बन्धित अधिकारीहरूलाई कृषि उत्पादहरुको मूल्य घटाउन १० दिनको समय सीमा दिनुभएको थियो।

****** ० ******

विश्व भारती विश्वविद्यालय

पश्चिम बङ्गालको ऐतिहासिक विश्वभारती विश्वविद्यालयमा बङ्गलादेशलाई समर्पित सङ्ग्रहालयलाई थप विकास गरिनेछ। बङ्गलादेश सरकारको प्रतिनिधिमण्डलले विश्वभारती विश्वविद्यालयको भ्रमण गरेपछि उक्त निर्णय गरिएको हो तथा भवनमा रहेको सङ्ग्रहालयको जीर्णोद्धार र विस्तारबारे छलफल गरेको विश्वविद्यालय स्रोतले जनाएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र बंगलादेशी प्रधानमन्त्री शेख हसिनाले २५ मई २०१८ मा बङ्गलादेश भवनको उद्घाटन गर्नुभएको थियो। भारत र बङ्गलादेशबीचको सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई मजबुत बनाउने उद्देश्यले यो भवन निर्माण गरिएको हो।

****** ० ******

**टिस्टा बचाउ**

टिस्टा बचाऊ आन्दोलन समितिका पाँच सदस्यीय प्रतिनिधि टोलीले टिस्टा आपदाका कारण उत्पन्न भएका विविध समस्या अनि यसका समाधानका प्रस्तावहरू लिएर दार्जीलिङका सांसद राजु विष्टसित सिलगढ़ीमा भेट गरेका छन। टिस्टा बचाऊ आन्दोलन समितिको तर्फबाट नरेन्द्र कुमार तामाङए सुधिर घलेए बीआर राई अनि विनय तामाङ विशेष रूपमा उपस्थित रहेका थिए। लगभग एक घण्टासम्म चलेको उक्त बैठक सौहार्द्रपूर्ण वातावरणमा भएको थियो भने टिस्टा समस्याका समाधानको लागि दुवैपक्षबाट सकारात्मक पहलको निम्ति सहमति भएको छ। यसअधि टिस्टा बचाऊ आन्दोलन समितिले केन्द्र सरकारए पश्चिम बंगाल राज्य सरकारए सिक्किम सरकारए सांसद अनि अन्य सम्बन्धित विभिन्न निकायहरू लगाएर 24 वटा पत्राचार गरिसकेको छए जसबारे सांसद विष्टलाई सम्पूर्ण जानकारी गराइएको समितिका मूलसचिव विनय तामाङले बताउनु भएको छ।

****** ० ******

गोर्खे-हाट

खरसाङमा लाग्ने गोर्खे हाट चालिसौं हप्तामा प्रवेस गरेको छ। गत वर्ष 15 अक्टोबर 2023 देखि खरसाङको टुरिस्ट लजदेखि माथिपट्टि सप्ताहको प्रत्येक आईतबार लाग्ने गोर्खे हाट चालिस साप्ताह पुग्न सफल बनेको छ। चालिस हप्ताहमा पुगेको अवसरमा हिजो खरसाङको गोर्खे सञ्चालन कमिटी साथै दोकानेहरूले खुशी व्यक्त गरेका छन् भने गोर्खे हाटमा आउने स्थानीय मानिसहरूले पनि खुशी व्यक्त गरेका छन्। विशेष गरेर सञ्चालन समितिको पदाधिकारीहरूले यस अवसरमा खुशीयाली मनाएका छन्।

****** ० ******

**मिरिक फार्मर्स**

मिरिक फार्मर्स प्रोड्यूसर्स कम्पनीको आउटलेटको उद्घाटन आज सौरेनी बजार स्थित जेएन प्लाजामा गरियो। आउटलेटको उद्घाटन मिरिक खण्ड कृषि बिभागका सहनिर्देशक बिभुती बी. रिजालले गर्नुभयो । उहाले क्षेत्रमा खेतीपातीलाई बडावा दिन र कृषकहरुलाई खेतीप्रति प्रोत्साहित गर्नेको लागि बिभागले केन्द्र र राज्य सरकारको विभिन्न योजनाहरु कार्यान्वयन गरिरहेको जानकारी दिनुभएको छ। बिजय सुब्बा द्वारा संचालित कार्यक्रममा सौरेनी बस्ती क्षेत्रका कृषकहरु व्यापक रुपमा उपस्थित थिए ।

****** ० ******

**पेण्डुलम**

तीनधारेका कवि साहित्यकार युवराज सुन्दासको कविता संग्रह पेण्डुलम एक साहित्यिक कार्यक्रमबीच तीनधारेमा लोकार्पण गरिएको छ। बिजय मंगरको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार डा जीवन नामदुङ उपस्थित रहेका थिए भने विशिष्ट अतिथिको रुपमा आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आले साहित्यकार हस्त नेचालीए तीनधारे महानदी समष्टिको सभासद नवराज छेत्रीए नेपाली भाषा परामर्श समितिको सदस्या आशा मुखिया लामाए प्राध्यापक डा अमीर ठटाल घैयाबारी ग्राम पञ्चायत दुईको पञ्चायत प्रधान भगवती प्रधान लगायत अन्यहरू उपस्थित रहेका थिए।

****** ० ******

**फरेष्ट म्यानेजमेन्ट कमिटी**

राज्यका जोइन्ट फरेष्ट म्यानेजमेन्ट कमिटीहरुलाई लिएर कलकत्ताको सल्ट लेकमा सम्पन्न राज्य स्तरीय वन महोत्सवमा जोइन्ट फरेष्ट म्यानेजमेन्ट कमिटी मिड्ल लामाहट्टा तेस्रो स्थानमा चयन हुन् सफल बन्दै नगद राशीसगै पारितोषिक राज्यका वन मंत्रीको बाहुलीबाट ग्रहण गर्न सफल भएको छ। कमिटीको सभापति डोल्मा छिरिङको नेतृत्वमा गएको टोलिमा उपसभापति छिरिङ तेञ्डी शेर्प लगायत कार्यकारी सदष्यहरु फुर्बा शेर्पाए अनुका सुब्बाएअञ्जु छेत्री सामेल रहेका थिए।

****** ० ******

**नेपाल पीएम**

नेपालमा केपी शर्मा ओलीले चौथो पटक प्रधानमन्त्रीपदको सपथ लिनुभएको छ । उहाँलाई राष्ट्रपति भवनको मुख्य भवन शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ गराउनुभएको हो । ओलीसगै राष्ट्रपति पौडेलले नवनियुक्त २१ जना मन्त्रीलाई शपथ गराउनु भएको हो । ओलीको नेतृत्वको मन्त्रिपरिषदमा कांग्रेसए एमालेए जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका मन्त्री सामेल छन । यसका साथै उपप्रधानमन्त्रीमा नेपाली काँग्रेसका प्रकाशमान सिंह र नेकपा (एमाले)का विष्णुप्रसाद पौडेल सयुक्त रुपमा नियुक्त हुनुभएको छ । शपथ ग्रहण समारोहमा उपराष्ट्रपति राम सहाय प्रसाद यादवए पूर्वप्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाए पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल श्प्रचण्डश्ए प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेलगायत विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

****** ० ******

**राज्यपाल**

कोलकाता उच्च्व अदालतले बुध्बार पश्चिम बंगालकी मुख्यमंत्री ममता व्यानर्जी र केही अन्य तृणमूल कांग्रेस नेताहरू विरूद्ध राज्यपाल सी.भी आनन्द बोसद्वारा दर्ता मानहानि मुद्दाको सुनवाई बिहिबारसम्म स्थगित गरिएको छ। यस मामिलाको सुनवाई बिहिबार हुनेछ। जस्टिस कृष्ण रावले भन्नुभयो मुद्दाामा उल्लखित प्रकाशनहरूलाई यसमा पक्ष बनाईकऐ छैन। बोसका

वकील अनुसार राजयपाल विरूद्ध बेबुनियाद आरोप लगाईन्दैछ र उहाँले यस्ता गर्नेहरू अघि बयान दिनमा अस्थायी निषेधाज्ञाको मांग गरेको छ। श्री बोसका वकीलले नयाँ आवेदन दायर गर्न समय मांगेका छन् जसमा आवश्यक संशोधन शामेल छ। उच्च अदालतले साथ दिंदै भनेका छ – मामिलाको सुनवाई बिहिबार हुनेछ। श्री बोसले २८ जूनमा सुश्री व्यानर्जी विरूद्ध मानहानिको मुद्दा दर्ता गरेका थिएख एकदिन पछि ,जब उहाँले दावी गर्नुभयो महिलाहरूले उहाँलाई गुनासो गरे कि राजभववनको गतिविधिहरूबाट असुरक्षित महसूस भएकोले त्यहाँ जान डर लाग्दछ। २७ जूनमा राज्य सचिवालयमा एक प्रशासनिक बैठकको बेला सुश्री व्यानर्जीले भन्नुभएको थियो महिलाहरूले भने कि राजभवनमा भएको घअनाहरूको कारण त्यहाँ जान महिलाहरू डाउँछन्। सुश्री व्यानजीको टिप्पणी पछि राज्यपालले भन्नभएको थियो सार्वजनिक प्रतिनिधिहरूबाट आशा गरिन्छ कि भूल र अपमानजनक धारणाहरू नबनाईयोस। दुई मईमा राजभवनकी एक ंसविदा महिना कर्मचारीले राज्यपाल विरूद्ध छेड़छाड़को आरोप लगाएका थिए , जस पछि कोलकात पुलिसले जाँच शुरू गरेको थियो। संविधान अनुच्छेद तीन सय ६१ अर्न्तगत कुनै पनि राज्यपाल विरूद्ध उहाँको कार्यकालको समय कुनै आपराधिक कार्यवाही गर्न सकिन्दैन।

****** ० ******

**मौसम**

आगामी २४ घण्टासम्म राजधानी कोलकातासहित सम्पूर्ण राज्यमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। मौसम विभागले सोमबार जारी गरेको विज्ञप्तिमा अधिकतम र न्यूनतम तापक्रम क्रमशः ३३ डिग्री सेल्सियस र २८ डिग्री सेल्सियसको आसपास रहने सम्भावना छ। यसका साथै पछिल्लो २४ घण्टामा कोलकाताको अधिकतम तापक्रम सामान्यभन्दा ०.८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम २७.२ डिग्री सेल्सियस मापन गरिएको छ। यस अवधिमा अधिकतम आर्द्रता ९४ प्रतिशत र न्यूनतम आर्द्रता ६७ प्रतिशत रहेको छ। पछिल्लो २४ घण्टामा कोलकातामा १८.४ मिलिमिटर वर्षा भएको छ। यसका साथै राज्यको अन्य जिल्लामा पनि मौसम मिश्रित रहनेछ। हावड़ाए हुगलीए उत्तर र दक्षिण २४ परगनाए पूर्व र पश्चिम मेदिनीपुरए पुरुलियाए बांकुडा र अन्य दक्षिण बङ्गालका जिल्लाहरूमा बादल लागेको छ र धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। अर्कोतिर उत्तर बङ्गालका जिल्लाहरूमा केही स्थानमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ भने अलीपुरद्वारए कुचबिहारए जलपाईगुडीए दार्जिलिङ र कालिम्पोङमा एक हप्तासम्म भारी वर्षाको सम्भावना छ।

****** ० ******